ESCR National Network Nepal

न्याय तथा अधिकार संस्था-नेपाल
Justice and Rights Institute-Nepal

गैरसरकारी संस्था महासंघ नेपाल
NGO FEDERATION OF NEPAL

मिति : २०७९ पुष १८ गते

श्रीमान् सचिवज्यू
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
तथा अध्यक्ष, सञ्चालक समिति, सामाजिक सुरक्षा कोष, सिंहदरवार, काठमाडौं ।

श्री कार्यकारी निर्देशकज्यू
सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाडौं ।

विषय : **योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ संशोधनका लागि ध्यानाकर्षण तथा नागरिक संघसंस्थाको तर्फबाट सुझावहरु पेश गरिएको सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षाको दायराभित्र सबै श्रमिक तथा योगदानकर्तालाई समावेश गर्न खोजी योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लागु गरी विभिन्न क्षेत्रका अतिरिक्त सामाजिक क्षेत्र (विशेष गरी गैरसरकारी संघ संस्था) लाई पनि समावेश गर्न खोजिएको भएपनि सामाजिक संघ संस्था स्थापनाको उद्देश्य, यसको सञ्चालनको श्रोत तथा प्रकृति र श्रोतको दिगोपनाको चुनौति वा निरन्तरताका सम्वन्धमा विशेष सवाल तथा अवस्था हुने भएपनि सो अवस्थाका विषयमा सामाजिक संघ संस्थाका विशेष अवस्थालाई विद्यमान ऐनले सम्वोधन गर्न सकेको छैन । सोका कारण थुप्रै सामाजिक संघ संस्थाहरु सामाजिक सुरक्षाको दायरामा आउन सकेका छैनन् ।

यस ऐनको परिमार्जन गर्ने विषयमा त्यस मन्त्रालय र सामाजिक सुरक्षा कोषले नागरिक संघ संस्थाका उपरोक्त सवालहरुलाई सम्वोधन गर्ने विषयलाई सकारात्मक रुपमा लिएको भएपनि उक्त विषयले हालसम्म मूर्त रुप ग्रहण गर्न सकेको छैन । यसै सन्दर्भमा हाल सामाजिक सुरक्षा कोष तथा त्यस मन्त्रालयले समेत योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को संशोधनका विषयमा गृहकार्य गर्न लागेको सन्दर्भ तथा हालै सम्पन्न प्रतिनिधि सभाको निर्वाचनबाट नयाँ विधायकहरु निर्वाचित भई आएको परिप्रेक्ष्यमा उक्त कानूनको संशोधनका लागि हामी सामाजिक क्षेत्रमा क्रियाशील विभिन्न नागरिक संघ संस्था, सञ्जाल तथा महासंघको तर्फबाट निम्न बमोजिम सुझाव पेश गरेका छौं ।

**नागरिक संघ संस्थाका सुझावहरु :**

१. गैरसरकारी संघ संस्थाहरु गैर नाफामुलक उद्देश्यले स्थापना भएका हुँदा संस्थाको कुनै पनि दायित्व संस्थाको नाफावाट गर्न नमिल्ने, उनिहरुको सामाजिक सुरक्षा कोषमा नियमितरुपमा योगदान गर्न सक्ने श्रोतको अभाव हुने, श्रोतको दिगोपना नहुने र त्यहाँ कार्यरत कर्मचारीको

निरन्तरताको पनि सुनिश्चितता नहुने प्रकृतिको भएकोले सामाजिक संस्थाको हकमा उक्त ऐनमा सामाजिक संघ संस्थाका आन्तरिक श्रोतका श्रमिक र परामर्शदाता लगायत स्वेच्छिक रुपमा सामाजिक सुरक्षा योजनामा आउन सक्ने गरी व्यवस्था गरिनुपर्ने ।

२. हाल अधिकमात्रामा सामाजिक संघ संस्थाले कर्मचारी संचय कोष र नागरिक लगानी कोषमा निश्चित रकम जम्मा गर्ने गरेको भएता पनि संस्था र कर्मचारी बीचको करार सम्पन्न भएको अवस्थामा उक्त रकम निकाल्न सक्ने व्यवस्था भएको तर सामाजिक सुरक्षा कोषमा पारिश्रमिकको ३१ प्रतिशत रकम कटौति गरी लामो समयसम्म कोषमा राख्नुपर्ने, उक्त रकम अन्य क्षेत्रमा सदुपयोग गर्नबाट बञ्चित रहने र ६० बर्ष उमेर पुगेपछिमात्र सबै रकम निकासा गर्न सकिने प्रावधान सामाजिक संघ संस्थाको हकमा व्यवहारिक नहुने भएकोले उक्त समस्यालाई ऐनले सम्बोधन गर्नुपर्ने ।

३. ऐनको दफा २ मा सामाजिक संघ संस्थाको परिभाषा छुट हुन गएकोले उक्त विषयलाई ऐनमा समावेश गरिनुपर्ने ।

४. ऐनको दफा २ मा व्यवस्था गरिएको रोजगारदाता शव्दले सामाजिक संघ संस्थालाई समावेश गर्न नसकेकोले उक्त विषयलाई सामाजिक संघ संस्थाको हकमा विशेष व्यवस्था समावेश गरिनुपर्ने ।

५. ऐनको दफा १८ मा सामाजिक संघ संस्थाका श्रमिकहरुको अवस्था फरक फरक प्रकृतिको हुने र सरकारी क्षेत्र वा नीजि क्षेत्रजस्तो निरन्तर रोजगारी श्रृजना हुने प्रकृति नहुने हुन्छ । साथै सामाजिक संस्थाभित्र विभिन्न प्रकारको जिम्मेवारी र भूमिकामा संलग्न हुने प्रकृतिको हुने भएकोले सामाजिक संघ संस्थाका हकमा छुट्टै प्रावधानहरु ऐनबाट नै स्पष्ट भएमा मात्र नियमावली र अन्य कार्यविधिहरुमा उक्त व्यवस्था कार्यान्वित गर्न सहज हुने भएकोले सोको लागि विशेष व्यवस्थाहरु ऐनमा नै उल्लेख गरिनुपर्ने ।

६. ऐनको दफा २९ बमोजिम गठन हुने सञ्चालक समितिमा हाल नागरिक संघ संस्थाको प्रतिनिधित्वको परिकल्पना नगरिएको हुँदा यस क्षेत्रको समेत नीतिगत तहमा प्रतिनिधित्व र सहभागिता हुनु आवश्यक देखिएकोले दफा २९ अर्न्तगतको सञ्चालक समितिमा सामाजिक संघ संस्थाको तर्फबाट कम्तिमा एकजना प्रतिनिधि अनिवार्यरुपमा रहने व्यवस्थालाई ऐनमा समावेश गरिनुपर्ने ।

७. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को संशोधनको प्रक्रियामा नागरिक समाजको समेत सहभागिताको सुनिश्चितता गरिनुपर्ने ।

८. सामाजिक संघ सस्था वा नागरिकहरुको हक अधिकारसँग सम्वन्धित वा सार्वजनिक सरोकारका विषयमा नयाँ कानून तर्जुमा गर्दा वा विद्यमान कानून परिमार्जन गर्दा नागरिक संस्थाको सहभागिताको समेत सुनिश्चितता गर्नुपर्ने ।

ESCR National Network Nepal

न्याय तथा अधिकार संस्था-नेपाल Justice and Rights Institute-Nepal

गैरसरकारी संस्था महासंघ नेपाल NGO FEDERATION OF NEPAL

पुनश्चः ऐन संशोधनका लागि ऐनका केही महत्वपूर्ण दफामा परिमार्जनका लागि सुझाइएका प्रावधानहरु समावेश गरिएको तीन महले सुझाव तालिका यसैसाथ संलग्न छ ।

**सुझाव पेश गर्ने नागरिक समाज तथा सञ्जाल र संघ सस्थाका प्रतिनिधिहरुको तर्फबाट :**

श्यामकुमार विश्वकर्मा, संयोजक,
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
राष्ट्रिय सञ्जाल तथा अध्यक्ष, जुरी-नेपाल

अर्जुन भट्टराई, महासचिव
गैरसरकारी संस्था महासंघ नेपाल
काठमाडौं

**यसमा प्रतिबद्दता जनाउने अन्य महासंघ, सञ्जाल तथा नागरिक संघ संस्थाहरु :**

गोविन्द बहादुर शाही,
कार्यकारी निर्देशक,
किर्डाक नेपाल

सुशील वि.के.,
उपाध्यक्ष
दलित गैसस महासंघ

राजेन्द्र अर्याल,
अध्यक्ष,
खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ

ठाकुर भण्डारी, सचिव
सामुदायिक वन उपभोक्ता महासंघ नेपाल

विदुर सुवेदी, महासचिव
मानव अधिकार एलाइन्स

अशोक वहादुर सिंह
फियान नेपाल

देवीदत्त आचार्य, अध्यक्ष,
राष्ट्रिय अपाङ्ग महासंघ

बेनुमाया गुरुङ्ग, कार्यकारी निर्देशक
आटविन

राजु सुनार, महासचिव
युवा गैसस महासंघ नेपाल

राजेन्द्र पहाडी, अध्यक्ष
शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल

माधव प्रधान, अध्यक्ष
सिविन

रञ्जिता सिलवाल, कार्यकारी निर्देशक
वियोण्ड बेइजिङ्ग कमिटि

कैलास रिजाल, महासचिव
प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट)

नितु वर्नवाल
सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

गंगा वहादुर गौतम, सदस्य
युवा अभियान

कृष्ण गौतम,
इन्सेक नेपाल

ज्योती वाँनिया, अध्यक्ष
उपभोक्ता हित संरक्षण मञ्च

नेपाल दिगो विकास मञ्च
एम्नेस्टी ईन्टरनेशनल
गोगो फाउण्डेशन
चेन्ज एक्सन नेपाल
ओरेक नेपाल
विश्वास नेपाल
चाईल्ड नेपाल
पौरखी नेपाल